# प्रेस विज्ञप्ति

नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको सर्वविदितै छ । कुनै पनि बहानामा विद्युतीय तथा छापा माध्यमको प्रकाशन, प्रसारण र वितरणलाई स्वयम् राज्यले पनि अवरोध गर्न नसक्ने गरी संविधानको धारा २७ ले सञ्चारको हक सुनिश्चित गरेको छ । तर दुःखका साथ कान्तिपुर पब्लिकेशन्स् सबै सरोकारवाला निकाय तथा पाठकलाई जानकारी गराउन बाध्य भएको छ- कान्तिपुर दैनिक र द काठमाडौं पोस्टका प्रकाशित प्रतिहरु बीच बाटोमै कब्जा गरेर फालिदिने, च्यातिदिने, घर लग्ने, एकै ठाउँ जम्मा गरेर थन्काइदिने र पत्रिका वितरण गर्न तयार जनशक्तिलाई धम्की दिने काम भएको छ, यसले पब्लिकेशन्स्का प्रकाशनको वितरण वाधित भएको छ ।

कान्तिपुर दैनिक र द काठमाडौं पोस्टका प्रकाशित प्रतिहरु कब्जा गर्ने प्रवृत्तिले सञ्चारगृहको भौतिक सम्पत्ति र प्रतिष्ठामा अपूरणीय क्षति पुऱ्याएको मात्र छैन, अग्रिम रकम तिरेर सूचनाको सेवा सुनिश्चित गरेका ग्राहकको सञ्चारको हक पनि हरण गरेको छ । कुनै पनि बहानामा सञ्चार प्रवाह अवरुद्ध गर्न नपाइने संवैधानिक प्रबन्धलाई चुनौती दिने काम भएकाले यो चिन्ता कान्तिपुर पब्लिकेशन्स्को मात्र होइन, नेपाली प्रेस जगत्, नागरिक समाज, लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दल र समग्रमा नेपाली जनताको पनि सरोकारको विषय भएकाले ध्यानाकर्षणका लागि यो विज्ञप्ति जारी गरिएको छ । साथै, पब्लिकेशन्स्ले आफ्नो जनशक्ति व्यवस्थापनका विषयमा लिएका कदमहरु निम्न बुँदामा स्पष्ट पार्न चाहन्छ ।

१. कान्तिपुर पब्लिकेशन्स् देशका सबै कानुनलाई आदर र पालना गर्दै सञ्चालन हुँदै आएको छ । देशको नाजुक औद्योगिक तथा आर्थिक अवस्थाका कारण समग्र नेपाली सञ्चार जगत् प्रभावित छ, कान्तिपुर पब्लिकेशन्स्ले पनि केही वर्षयता निरन्तर आर्थिक घाटा बेहोर्दै आएको छ । तसर्थ बजारको मागअनुसार वितरण विभागका कर्मचारी घटबढ हुनु नियमित र स्वाभाविक प्रक्रिया हो । यद्यपि संस्थामा आबद्ध कुनै पनि कर्मचारीलाई गैरकानुनी रूपमा बिदा गर्ने नीति र योजना नभएको स्पष्ट छ ।

कुनै स्थायी कर्मचारीले स्वेच्छा वा समझदारीले बिदा हुन चाहे कानुनअनुसार सम्पूर्ण सुविधा पाउने विषयमा शंका छैन । करारमा रहेका कर्मचारीका हकमा भने करारकै कानुन लागु हुनेछ । निश्चित अवधि नै तोकेर नियुक्त गरिएका कर्मचारीलाई उक्त अवधि सकिएपछि अर्को करार गर्ने वा नगर्ने विषय संस्था र व्यक्ति दुवैतर्फको कानुनी स्वतन्त्रताको विषय हो । यस्तो अवस्थामा दुवैतर्फबाट लिनु/दिनुपर्ने दायित्व पूरा गरेपछि एकअर्काबाट स्वतन्त्र हुने मात्र होइन, कानुनअनुसार सेवा सुविधा तथा अतिरिक्त क्षतिपूर्तिको व्यवस्था समेत पब्लिकेशन्स्ले गर्दै आएको छ, यो प्रक्रिया जारी रहनेछ ।

२. कुनै पनि विषयमा असमझदारी भए विधिवत् असहमति राख्ने कर्मचारीको अधिकारलाई पब्लिकेशन्स् सम्मान गर्दछ ।  तर, त्यो प्रक्रिया पनि स्थापित श्रम कानुनअनुसार हुनपर्छ भन्नेमा दुईमत हुन सक्दैन । कुनै सरोकार राख्दा आधिकारिक ट्रेड युनियनमार्फत आउनुपर्ने र कुनै कारणले आधिकारिक ट्रेड युनियन नभएको अवस्थामा संस्थाका ६० प्रतिशत कर्मचारीका तर्फबाट लिखित माग राख्न सकिने व्यवस्था कानुनमा छ । तर, 'कान्तिपुर संयुक्त संघर्ष समिति' भनेर कतै पनि दर्ता नभएको संयन्त्रलाई पहिचान गर्न संस्था असमर्थ भएकाले यसको निराकरणका लागि प्रेस रजिस्ट्रारको कार्यालयमा पत्राचार गरिएको छ । यस्तो असमझदारी भएका बेला प्रेस रजिस्ट्रार कार्यालयले आफ्नो भूमिका पूरा गर्ने स्पष्ट व्यवस्था भएकाले कानुनबमोजिम हुने पहल र प्रक्रियामा कान्तिपुर पब्लिकेशन्स् प्रतिबद्ध छ ।

३. आफ्ना सरोकारका विषयमा विधिवत् विषय राख्ने मात्र होइन, परिभाषित कर्तव्य पूरा गर्नु पनि हरेक कर्मचारीको कानुनी दायित्व हो । तर व्यवस्थापन, सयौं श्रमजीवी सञ्चारकर्मी तथा श्रमिकले रातदिनको मेहेनतपछि तयार पारेको पत्रिका घरघरमा पुऱ्याउने जिम्मेवारी पूरा नगरी बीचबाटोमा खोस्ने, कब्जामा लिने, च्यातेर फाल्ने, घर लग्ने तथा एकै ठाउँ थुप्रो लगाउने प्रवृत्ति श्रमको अवमूल्यन हो, गैरव्यावसायिक र गैरकानुनी हो । तोकिएको ठाउँमा पत्रिका नपुऱ्याई पब्लिकेशन्स् र ग्राहकको सम्पत्तिमा हानि पुऱ्याउनु कानुनी रुपमा दण्डनीय हो । साथै, संविधानको धारा ४४ अनुसार उपभोक्ताको मौलिक अधिकारविरुद्ध पनि हो । त्यसैले सम्बन्धित व्यक्तिहरुलाई कानुनी रूपमा जवाफदेही बनाइनेछ ।

CENTRAL BUSINESS PARK
Thapathali, Kathmandu
POB No. 8559
977-01-5135000
977-01-5135021
corporate@kmg.com.np
www.kmg.com.np

४. आफ्नो कर्तव्य पूरा गर्न खोज्ने श्रमिक तथा व्यवस्थापनका अधिकारीहरुमाथि गाली बेइज्जती गर्ने, हुलहुज्जत गर्ने र धम्क्याउने प्रवृत्तिविरुद्ध पनि कान्तिपुर पब्लिकेशन्स् कठोर कानुनी कदमको प्रक्रियामा छ । त्यस्ता व्यक्ति संस्थाभित्र वा बाहिरका जोसुकै भए पनि कानुनी रूपमा उत्तरदायी बनाइनेछ । यसमा कुनै सम्झौता हुनेछैन ।

५. सञ्चार माध्यम तथा पत्रपत्रिका प्रत्येक व्यक्तिका लागि अत्यावश्यक सेवाअन्तर्गत पर्छन् । नेपाल सरकार गृह मन्त्रालयले २०७४ मा जारी गरेको सूचनाले समेत सञ्चार क्षेत्रलाई अत्यावश्यक सेवामा वर्गीकरण गरी सेवा अवरोधमा प्रतिबन्ध लगाएको छ । अत्यावश्यक सेवा अवरोध गर्नेहरुलाई निरुत्साहित गर्नु सभ्य समाजको स्वाभाविक दायित्वभित्र पर्ने पनि स्मरणीय छ ।

अन्त्यमा, कान्तिपुर पब्लिकेशन्स्का प्रकाशनहरुको वितरण वाधित भएकामा हामी दुःखी छौं । कुनै पनि परिस्थितिमा सूचना पाउने नागरिक अधिकार खण्डित हुने अवस्था हाम्रो व्यवस्थाले परिकल्पना गरेको छैन । सञ्चार लोकतन्त्रको जीवनरेखा हो, त्यसलाई कुण्ठित गर्ने कुनै पनि प्रवृत्तिबाट कान्तिपुर पब्लिकेशन्स् हतोत्साही हुनेछैन । आफ्नो कर्तव्य र दायित्वप्रति सचेत कान्तिपुर पब्लिकेशन्स् आफ्नो प्रतिबद्धतामा निरन्तर अघि बढिरहनेछ । ध्यानाकर्षणका लागि सबैमा धन्यवाद ।

महेश स्वाँर

प्रमुख कार्यकारी अधिकृत